पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ४ पोखरा खण्ड : ५७ प्रमाणित मितिः २०७७ माघ २४ गते

## भाग १

## सार्वजनिक निजी साझेदारी ऐन (दोश्रो संशोधन)

# सार्वजनिक निजि साझेदारी ऐन(दोश्रो संशोधन)

| सी.नं. | हालको दफा नं. | हालको व्यवस्था | संशोधन तथा थप प्रावधन | संशोधन तथा थप गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १ | | सार्वजनिक निजी साझेदारिको माध्यमबाट स्थानीय तहमा पूर्वाधार संरचनाको निर्माण र सञ्चालन तथा सार्वजनिक सेवा प्रवाह गरी मुलुकको वृहत सामाजिक तथा आर्थिक विकास गर्न तथा सर्वसाधारणलाई भर पर्दो, किफायती र सर्वसुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिमको नगर सभाले यो ऐन बनाएकोछ । | प्रस्तावना : सार्वजनिक निजी साझेदारीको माध्यमबाट स्थानीय तहमा पूर्वाधार संरचनाको निर्माण र सञ्चालन तथा सार्वजनिक सेवा प्रवाह गरी महानगरपालिकाको बृहत सामाजिक तथा आर्थिक बिकास गर्न तथा सर्वसाधारणलाई भरपदो, किफायती र सर्वसुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिमको नगर सभाले यो ऐन बनाएकोछ । | भाषिक शुद्धता |
| २ | दफा(२) | (ग) "अध्यक्ष" भन्नाले कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ । | (ग) "अध्यक्ष" भन्नाले महानगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ | भाषिक शुद्धता |
| ३ | दफा(२) | (२) विकास निर्माणको कार्य, | | खारेजी |
| ४ | दफा(२) | (ढ) "सर्वेक्षण" भन्नाले आयोजना कार्यान्वयन गर्नको लागि गरिने सर्वेक्षण सम्झनु पर्छ र सो शब्दले आयोजनाको सम्भाव्यता अध्ययन, इञ्जिनियरिङ डिजाइन कार्य र त्यसको लागि गरीने अन्वेषण समेतलाई जनाउदछ । | (ढ) "सर्वेक्षण" भन्नाले आयोजना कार्यान्वयनको लागि गरिने प्रारम्भिक अध्ययन, सम्भाव्यता अध्ययन, बाताबरणीय अध्ययन, बिस्तृत सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन वा अन्य यस्तै प्रकारका | भाषिक शुद्धता |

| | | | | |
|---|---|---|---|---|
| | | | अनुसन्धान वा अन्वेषण सम्बन्धि कार्यलाई सम्झनु पर्दछ । | भाषिक शुद्धता |
| ५ | दफा(२) | (थ) "सार्वजनिक निजी साझेदारी" भन्नाले सार्वजनिक सेवासँग सम्बन्धित कुनै आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन वा सम्भार तथा वित्तीय लगानीमा आंशिक वा पूर्ण रुपमा निजी क्षेत्रलाई संलग्न गराउने गरी सार्वजनिक निकाय तथा निजी निकायबीच भएको करारीय प्रबन्ध सम्झनु पर्छ । | (थ) " सार्वजनिक निजि साझेदारी भन्नाले " महानगरपालिका र सम्बन्धित लगानीकर्ता बीच श्रोत वा प्रतिफल बाडफाड तथा जोखिम व्यहोर्ने गरि आपसी सहकार्यमा सार्बजनिक सेवा र पूर्वाधार संरचना संग सम्बन्धित कुनै आयोजनाको निर्माण,संचालन, ब्यबस्थापन वा पूर्ण रुपमा निजि क्षेत्रलाई संलग्न गराउने गरि भएको कराारिय प्रबन्धलाई सम्झनु पर्दछ । | भाषिक शुद्धता |
| ६ | दफा(२) | | (ङ) ४) नदीजन्य सामग्री उत्खनन , संकलन र निकासी सम्बन्धी कार्य गर्न आवश्यक पूर्वाधार संरचना ड्याम लगायत अन्य | समयानुकुल आवश्यक |
| ७ | दफा(३) | | (च) लगानीको श्रोत र प्रतिफल बाडफाडको हिस्सा स्पष्ट भएको | समयानुकुल आवश्यक |
| ८ | दफा(५) | ५) सार्वजनिक निजी साझेदारी नमानिने अवस्थाः यस ऐनको प्रयोजनका लागि आयोजना सम्बन्धी वित्तीय, प्राविधिक, सञ्चालन वा जोखिम सम्बन्धमा स्थानीय सरकार र निजी निकाय दुवैको सहभागिता नरही स्थानीय सरकारले निजी निकायबाट कुनै काम वा सेवा प्राप्त गर्ने | | |

| | | | | |
|---|---|---|---|---|
| | | उद्देश्यबाट सञ्चालन हुने कार्यलाई सार्वजनिकनिजी साझेदारी प्रबन्ध मानिनेछैन । | | खारेजी |
| ९ | दफा(६) | ६. सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन नगरिने आयोजनाः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका आयोजना सार्वजनिक-निजी साझेदारीको माध्यमबाट कार्यान्वयन गरिने छैन । | ६) सार्बजनिक निजि साझेदारीमा कार्यान्वयन नहुने आयोजना : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका आयोजना सार्वजनिक-निजी साझेदारीको माध्यमबाट कार्यान्वयन गरिने छैन । | भाषिक शुद्धता |
| १० | दफा(६) | यस ऐन बमोजिमको आयोजनाको पहिचान, स्वीकृति, निजी निकायको छनौट, अनुगमन तथा कार्यान्वयनयसै ऐनको व्यवस्था बमोजिम गरिनेछ र सो सम्बन्धमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको व्यवस्था लागू हुनेछैन । | (१) यस ऐन बमोजिमको आयोजनाको पहिचान, स्वीकृति, निजी निकायको छनौट, अनुगमन तथा कार्यान्वयनयसै ऐनको व्यवस्था बमोजिम गरिनेछ र सो सम्बन्धमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको व्यवस्था लागू हुनेछैन । | भाषिक शुद्धता |
| ११ | दफा(१३) | (१) सानिसा समितिले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने आयोजना पहिचान गरी विवरण अद्यावधिक बनाई राख्नेछ । | (१) सानिसा समितिले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने आयोजना पहिचान गरी विवरण अद्यावधिक गरि राख्नेछ । | भाषिक शुद्धता |
| १२ | दफा(१५) | (२) उपदफा (१) बमोजिम आयोजना स्वीकृत गराउँदा उक्त आयोजना कुन तरिकाबाट कार्यान्वयन गर्न सकिने हो सो समेत उल्लेख गर्नुपनेर्छ । | (२) उपदफा (१) बमोजिम आयोजना स्वीकृत गराउँदा उक्त आयोजना कुन विधिबाट कार्यान्वयन गर्न सकिने हो सो समेत उल्लेख गर्नुपनेर्छ । | भाषिक शुद्धता |

| | | | | |
|---|---|---|---|---|
| १३ | दफा(१५) | (३) कुनै आयोजना एक भन्दा बढी तरिकाबाट कार्यान्वयन गर्न सकिने भए एक भन्दा बढी तरिका उल्लेख गरी स्वीकृत गराउन सकिनेछ। | (३) कुनै आयोजना एक भन्दा बढी विधिबाट कार्यान्वयन गर्न सकिने भए एक भन्दा बढी तरिका उल्लेख गरी स्वीकृत गर ाउन सकिनेछ। | भाषिक शुद्धता |
| १४ | दफा(१६) | (१) (क) योग्यताका लागि मनसायपत्र आव्हान गर्ने,<br>(ख) योग्यतामा छनौट भएका दरखास्तवालाहरुको संक्षिप्त सूची तयार गर्ने, | (१) (क) लगानी कर्ताको पूर्व योग्यताका लागि मनसायपत्र आव्हान गर्ने,<br>(ख) लगानी कर्ताको पूर्व योग्यतामा छनौट भएका दरखास्तवालाहरुको संक्षिप्त सूची तयार गर्ने, | भाषिक शुद्धता |
| १५ | दफा(१७) | (१) सानिसा इकाईले दफा १६ बमोजिम स्वीकृत आयो जना सार्वजनिक निजी साझे दारीमा कार्यान्वयन गर्न तो किएका कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी मनसायपत्र आव्हान गर्न सक्नेछ। | (१) सानिसा इकाईले दफा १६ बमोजिम स्वीकृत आयोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्( वयन गर्न तोकिएका विष( ायहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी मनसायपत्र आव्हान गर्न सक्नेछ। | भाषिक शुद्धता |
| १६ | दफा(२६) | २६. रद्द गर्न सक्ने | २६) प्रस्ताब रद्द गर्न सक्ने | भाषिक शुद्धता |
| १७ | दफा(२७) | (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले आफ्नै लगानिमा सम्भाब्यता अध्ययन गर्न सक्ने छ। अन्य कुराहरुको हकमा दफा २३ बमोजिम नै कार्यान्वयन गर्न सकिने छ। | (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले आफ्नै लगानिमा सम्भ( ाब्यता अध्ययन गर्न सक्ने छ। अन्य बिषयहरुको हकमा दफा २३ बमोजिम हुनेछ। | भाषिक शुद्धता |
| १८ | दफा(३४) | ३४. अन्य व्यक्तिले अनुमति( पत्र नदिइन | ३४) अन्य प्रस्तावाकलाइ अनुमतिपत्र दिन नहुने | |
| १९ | दफा(३५) | १) अनुमतिपत्रको अवधि चालीस बर्षमा नबढाइ | | |

| | | | | |
|---|---|---|---|---|
| | | सम्झौतामा लेखिए बमोजिम हुनेछ । | (१) सामान्यतया अनुमति पत्रको अवधि बढीमा चालिस बर्षमा नबढाई सम्झौतामा लेखिए बमो जिम हुनेछ । | भाषिक शुद्धता |
| २० | दफा(१०) | (१) (क)कार्यपालिकाको प्रमुख.......अध्यक्ष<br>(ख) कार्यपालिकाको उपप्रमुख ..........................सदस्य<br>(ग) प्रमुख प्रशासकीय अधिकृ त.........................सदस्य<br>(घ) (आवश्यकता अनुसार विभागीय प्रमुखहरु थप गने .......सदस्य<br>(ङ) उद्योग तथा वाणिज्य सम्बन्धी संघसंस्थाका प्रति( निधिहरुबाट<br>सानिसा समितिले २ वर्षका लागि मनोनित गरेको १ जना ....................सदस्य | (१) क) प्रमुख - अध्यक्ष<br>(ख) उपप्रमुख- सदस्य<br>(ग) कार्यपालिका सदस्य बाट २ जना - सदस्य<br>(घ) उद्योग तथा वाणिज्य सम्बन्धी संघ संस्थाका प्रतिनिधिहरुबाट कार्यप( ालिकाले मनोनित गरेको १ जना- सदस्य<br>(ङ) कार्यपालिकाले तोकेको विषय विज्ञ - सदस्य<br>(च)प्रमुख प्रशासकीय अ( धकृत - सदस्य सचिव | भाषिक शुद्धता |

**मिति : २०७७ माघ ६ गते**

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**